# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७९।११।२९

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघको उपलब्ध केन्द्रीय समितिको बैठक अध्यक्ष विपुल पोखेलको अध्यक्षतामा आज मिति २०७९ फागुन २९ गते केन्द्रीय कार्यालयमा बस्यो । बैठकले श्रमजीवी पत्रकारका समस्या, महासंघको स्थापना दिवसलगायत बारेमा छलफल गरी निम्न निर्णयहरू गरेको छ ।

**बैठकका निर्णय यस प्रकार रहेको छ-**

१. बैठकले हाल विभिन्न सञ्चार प्रतिष्ठानमा देखिएको श्रमजीवी पत्रकारका समस्याका विषयलाई गम्भीर रूपमा लिई त्यसको समाधानका लागि कानुनी तथा दबाबमूलक संघर्षको कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरेको छ । साथै, तत्काल पत्रकारको न्यूनतम पारिश्रमिक समयसापेक्ष वृद्धि गर्न सरकारसँग माग गर्दछ ।

२. हाल सञ्चारसम्बन्धी विभिन्न कानुनहरू निर्माण हुने क्रममा रहेकोप्रति बैठकले गम्भीर चासो लिई उक्त कानुनहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री निर्माण गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

३. सर्वोच्च अदालतले अधिकार सम्पन्न छुट्टै प्रेस रजिष्ट्रार नियुक्ति गर्न आदेश दिइसकेको सन्दर्भमा बैठकले तत्काल छुट्टै प्रेस रजिष्ट्रारको कार्यालय गठन गरी प्रेस रजिष्ट्रार नियुक्ति गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

४. साना लगानी तथा स्वरोजगारमूलक मिडियाहरू धरासायी हुँदै गएको सन्दर्भमा समानुपातिक विज्ञापन वितरण प्रणालीलाई तत्काल लागू गर्न बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

५. बैठकले आगामी चैत्र १६ गते महासंघको ६८औं स्थापना दिवसलाई 'विश्व शान्तिको मुहान' लुम्बिनीमा विशेष कार्यक्रम गरी मनाउने निर्णय गरेको छ । साथै, बैठकले उक्त दिन प्रदेश समिति र शाखा समितिमा पनि अनुकूलताअनुसार विभिन्न रचनात्मक तथा अतिरिक्त क्रियाकलापको आयोजना गरी स्थापना दिवस मनाउन आग्रह गरेको छ ।

६. महासंघको सदस्यता शुद्धीकरण, सञ्चार क्षेत्रको सबलीकरणका लागि चैत्र १७ गते लुम्बिनीमा 'राष्ट्रिय मिडिया सम्मेलन' गर्ने निर्णय बैठकले गरेको छ । सम्मेलनमा सञ्चार क्षेत्रका विज्ञ, अर्थविद, मिडियाको समग्र अनुसन्धानको क्षेत्रमा क्रियाशील, महासंघका पूर्वअध्यक्ष, सल्लाहकार, केन्द्रीय समिति, प्रदेश समितिका अध्यक्ष/महासचिव तथा शाखा समितिका अध्यक्ष सहभागी हुनेछन् ।

**रोसन पुरी**
**महासचिव**